

# इन्टिमेट पार्टनरद्वारा गरिने हिंसा (IPV) नेपालको सन्दर्भमा महिलाहरुको मात्र सरोकारको विषय भएको छैन ।


**अनिता घिमिरे र फियोना सामुयल्स**


- *नेपालमा हुने गरेको इन्टिमेट पार्टनरसद्वारा गरिने हिंसा एक तिहाइ महिलामा गंभीर रुपमा असर पार्नुको अतिरिक्त वयस्क युवती र वृहद् समाजलाइ समेत प्रभाव पार्दछ ।*
- *आइ. पी. भी. (IPV) एउटा गहिरो प्रभाव रहको समस्या रुपमा मात्र छैन कि यसले प्रत्यक्ष रुपमा यस्ता हिंसात्मक कार्य र अवधारणमा परिवर्तन ल्याउन संघर्षशील मानिसलाई समेत प्रभाव पारेको छ ।*
- *आई. पी. भी. (IPV) को विषयमा छलफल चलाउने, यसका नवीन र प्राचीन स्वरुपसँग संघर्ष गर्ने प्रक्रियाबाट यस किसिमको जटील र अन्तरसम्बन्धित विषयलाई संवोधन गर्न सकिन्छ ।*

आई.पी.भी. ( IPV) नेपालको सन्दर्भमा महिला, वयस्कदेखि वृहत् समाजको सामाजिक आर्थिक प्रभाव जमाउन सकेको मानव अधिकार र स्वास्थ्यसँग जोडिएको मुद्दा भएको छ । हालैको स्वास्थ्य तथा जनसंख्या सर्भेक्षणले विवाहित १५ देखि ४९ वर्षसम्मका ३३ प्रतिशत महिलाहरुले आई.पी.भी. (IPV) को अनुभव गर्नुपर्ने देखिएको छ भने विगत १२ महिनामा यो अनुभव गर्नेको प्रतिशत १५ रहेको छ ।

हाम्रो सन् २०१६ मा भएको रुपन्देही र कपिलवस्तु जिल्लाको प्राथमिक गुणात्मक अनुसन्धान र द्वितियक विश्लेषणका आधारमा आई.पी.भी. (IPV) पीडितहरुमा ज्यादै जटिल परिणाम सिर्जना गरेको पुष्टि भएको छ । जबकि महिलालाई यसको प्रभाव परेको विषयमा बलियो प्रमाण रहेको छ भएतापनि लोग्ने मानिस र केटाहरुमा केले गर्दा आई.पी.भी. ( IPV) मा संलग्न भएको र यसको नियन्त्रणको लागि कस्तो नीति र कार्यक्रम आवश्यक छ भन्ने विषयमा ज्यादै कम जानकारी भएको पाइन्छ ।

हाम्रो यस अध्ययनको उद्देश्य यसका आई.पी.भी. ( IPV) विषयवस्तुको जानकारीमा भएको कमीलाई पूरा गर्ने र यसबाट पुरुषको प्रवृत्तिमा परिवर्तन ल्याउनकेन्द्रीय, स्थानीय सरकार, दातृ निकाय, गै.स.स., नागरिक समाज र बौद्धिक जगतलाई प्रमाणमा आधारित सुझावहरुप्रदान गर्ने रहेको छ ।

हामीले यस अध्ययनलाई दुई वटा कार्यक्रममा लक्षित गरेका छौं जसमा नेपाल सरकारबाट लैङ्गिक हिंसामा ( GBV) र आई.पी.भी. ( IPV) का सम्बन्धमा लोग्नेमानिसलाई दिइने "सशक्तिकरण सहकार्य तालिम"र CARE नेपालबाट सञ्चालित "अब मेरो पालो"कार्यक्रम रहेका छन्। यस अध्ययनको मूल निचोडको रुपमा यी कार्यक्रमबाट पुरुष सहभागीहरुमा कुनै पनि किसिमको महत्वपूर्ण परिवर्तन ल्याउन नसकिएको र यसबाट लोग्नेमानिसले पुरुषहरुका बीचमा रहेको सामाजिक मूल्यमान्यता मान्नुपर्ने कुराको निरन्तर दबाब सिर्जना गरेको पाइयो । यसका अतिरिक्त आई.पी.भी. (IPV) समाजमा ससुप्त र वृहत् रुपमा सर्वस्वीकार्य रहेको पाइयो । साथै केही नयाँ पुस्ताका बीचमा नयाँ स्वरुपका आई.पी.भी. (IPV) को विषयमा जानकारी र चासो रहेको पाइयो । जस्तै अविवाहित वयस्कहरु बीचमा हुने भावनात्मक हिंसा (Emotional Violence) को कारणले हुने महिलाको घुमफिरमा हुने कडा नियन्त्रण, सामाजिक सम्बन्धको कडा निगरानी, अनावश्यक यौन नियन्त्रण र साइबर बुलिङ जस्ता आई.पी.भी. ( IPV) का नयाँ स्वरुपहरु समेत देखा परेकाछन्।

*"सामान्यता उनीहरुले आफ्ना केटी साथीहरुलाई भन्ने गर्दछन् "यदि तिमीले मलाई साँच्चै माया गर्छौ भने*

*तिमीले मसँग शारीरिक सम्बन्ध राख्नै पर्छ ।" र केटीहरुलाई आफ्नो माया प्रमाणित गर्न त्यस्तो गर्न बाध्य पारिन्छ । यस किसिमको अवस्थामा धेरै जसो केटीहरुलाई आफूलाई यौन सम्पर्कको लागि बाध्य पारिएको र यो हिंसा हो भन्ने समेत थाहा नै हुँदैन" । (रुपन्देही जिल्लाका एकजना किशोरसँगको अन्तर्वार्ता)*

**आई.पि.भि. (IPV) व्यवहारका कारक तत्वहरु:**

व्यक्तिगत कारक र जोखिम तत्वहरु समेतको पर्यावरणीय मोडलको विश्लेषणले गर्दा उक्त अध्ययनले बहुआयामिक र जटिल कारकत्वहरुका रुपमाव्यक्ति जन्य, घरपरिवार र समुदायस्तरका मुल्यमान्यता र व्यवहारकाबारेमा प्रकाश पारेको छ ।

हाम्रो प्राथमिक अनुसन्धानले पुरुषले गर्ने मदिरासेवन, महिला अधिकार प्रतिको चेतनाको कमी साथै बाल्यकालमा आई पि भि जोखिममा परेका अवस्थालाई आई.पि.भि. जन्य व्यवहारको व्यक्तिगत जोखिम तत्वहरुका रुपमा उजागर गरेको छ । अन्य अध्ययनले "डेटिङ"मा रहेका अविवाहित किशोरीहरुलाई अध्यनमा समावेश नगरेकोमा हाम्रो अध्ययनले पुरुषसँगको सम्बन्धमा रहेका किशोरीहरु बढी आई पि भि को जोखिममा रहेको पाइयो । आफ्नो केटा साथीको बारेमा बाहिर कुरा आउला भनी हिंसा भए पनि कहिंबाट उपचार वा सहयोग लिने गरेको देखिएन । रुपन्देही जिल्लाको केही स्थानमा त यस किसिमको विवाह पूर्वका सम्बन्धबाट गर्भवती हुन गइ किशोरीहरुले आत्महत्या गर्नेसम्मको अवस्थामा पुगेको देखियो ।

घरपरिवार स्तर हेर्दा बहुविवाह, कम उमेरमा विवाह, घर परिवारले गरिदिने विवाह ( Arrange Marriage), महिलालाई आर्थिक स्वतन्त्रताको अभाव र सासु/ससुरासँगको सम्बन्ध राम्रो नहुनुले हिंसा बढाउनुमा थप जोखिम पुऱ्याएको छ ।

बहुपत्नी हुने बाबुका छोरालाई यस किसिमको हिंसामा थप प्रेरित गर्ने गरेको यस अध्ययनले देखाउँछ । आमाको बढी माया ममतामा प्रोटेक्टेड वातावरणमा हुकिएका पुरुषहरुले आफ्ना केटीसाथी (गर्लफ्रेन्ड) सँगको सम्बन्धलाई सन्तुलन ल्याउन नसक्दा वा इनकम्प्याटिवल सम्बन्ध हुँदा समेत आई पि भिको जोखिम बढाएको देखिन्छ ।

कम उमेरमा विवाह हुने पुरुषहरु अध्ययनलाई निरन्तरता दिँदै आधुनिक रहनसहन हुने भए पनि तिनकी पत्नीहरु एक्लो रुपमा घरायसी काममै रहने अवस्थाले उनीहरुको बीचमा सम्बन्धमा असामन्जस्यता र दरार सुरु भई हिंसा तर्फ उन्मुख समेत गराएको देखिन्छ ।

सामुदायिक स्तरमा हेर्दा समाजको महिला र पुरुषलाई हेर्ने दृष्टिकोण एवं मूल्य मान्यता, महिलालाई कमजोर देख्ने पितृसतात्मक र संरक्षणवादी सोच, बहुविवाह आदिले हाम्रो व्यवहार र मनोवृत्तिमा प्रभाव पारिरहेको छ । साथै बिशेष जातजातिमा सामाजिक रुपमा रहेको गौना (कम उमेरमा विवाह गरिने) प्रथा जस्ता प्रथाले समेत इन्टिमेट पार्टनर हिंसामा बढावा दिएको हुन्छ । पुरुषको समाजमा उच्च स्थान दिइनु र महिलालाई न्युन स्तरमा राखिने विषयमा समाजले कुनै प्रश्न उठाएको हुँदैन । श्रीमती अथवा केटी साथीलाई नियन्त्रणमा राख्न घरेलु हिंसा गर्नुलाई सर्वस्वीकार्य र बहादुरी समेत मानिन्छ । गहिरो गरी जरा गाडेको यस प्रकारको लैङ्गिक भेदभावजन्य मूल्य मान्यताले समाजमा आई पि भि लाईहिंसाको रुपमा नै नलिने गरिएको अवस्थामा यस विषयमा खुला रुपमा छलफल गर्नु त परेको कुरा भयो । विभिन्न चेतनामूलक कार्यक्रममा सक्रिय हुने लोग्नेमानिस वा केटाहरुले महिला र पुरुषबीच समानताको विषयमा कुरा गर्दा समुदायमा उनीहरुको ठूलो आलोचना हुने गरेको र उनीहरुलाई जोईटिङ्ग्रे वा "मेहेक"भनी उपमा दिने गरिएको देखिन्छ ।

**नेपालमा IPV को विद्‌यमान अवस्था:**

नेपालमा लिङ्गमा आधारित हिंसा (GBV) र इन्टिमेट पार्टनर भ्वायलेन्स (IPV)का सम्बन्धमा

कानुनी व्यवस्थाहरु भए पनि हाम्रो अध्ययनले निम्नानुसारको अवस्था देखाउँछ ।

- यस प्रकारको कानुनले सर्सरी संबोधन गर्न खोजे पनि गहन रुपमा रोकथाम गर्न सकेका छैन।
- विद्यमान कानुनीमा दरारहरु ( लुपहोल्स) रहेका छन् जसले पीडकलाई प्रशस्त रुपमा खेल्न एवं उम्कने अवसर प्रदान गर्दछ ।
- यी व्यवस्थाहरु मूलत:GBVरIPVलाई दुरुत्साहन गर्ने अन्तरनिहित सामाजिक मूल्य र मान्यताहरुलाई सम्बोधन गर्न असफल भएका छन् ।

यस किसिमको हिंसा रोक्ने र संरक्षण सम्बन्धी कार्य गर्न औपचारिक जिम्मेवारी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र अन्तर्गत रहेको लैङ्गिक हिंसानियन्त्रण शाखाको रहेको छ । यी कार्यहरु जिल्ला र गाउँ स्तरमा समेत कार्यान्वयन गर्ने गरिन्छ । ७५ वटै जिल्लामा महिलाको लागि संयन्त्र रहेको छ । पीडितलाई मेडिकल र कानूनी उपचारको लागि आवश्यक वित्तीय सहयोगको संयन्त्र समेत परिचालित छ । यसै गरी मन्त्रालयले स्थानीय रुपमा “लैकिङ्ग हिंसा अनुगमन समूह”जस्ता स्थायी समूहहरु बनाएको छ । जसले गर्दा महिलालाई हिंसाको उजुरी गर्न सहजीकरण भएको छ । न्यायिक रुपमा हेर्दा पीडित महिलाले निःशुल्क कानूनी परामर्श पाउँछन्, यस प्रकारको कानूनी परामर्श दिने कर्मचारीहरुको संख्या पनि बढ्दै गएका छन् । साथै IPVसम्बन्धी उजुरी गर्न सहज होस् भनी नेपाल प्रहरीमा महिलाले नै नेतृत्व गर्ने गरी महिला डेस्क कार्यरत रहेको छ ।

यति हुँदा हुँदै पनि IPVसम्बन्धी उजुरी नै नहुने र भए पनि निकै कम हुने गरेको हाम्रो अध्ययनले देखाउँछ । यसमा पनि हिंसाको अवस्था अत्यन्तैखराब भएपछि मात्रै उजुरी गर्ने र राज्यको संरक्षण सेवामा आउने अवस्था देखिन्छ । उजुरी नगर्नुमा प्रमुख कारण “सोसल स्टिग्मा”नै रहेको पाइयो । आफ्नो भन्दा परिवार प्रतिको जिम्मेवारी बोध बढी हुनुपर्छ भन्ने बाल्यकालदेखिको सिकाइले पनि यस किसिमको हिंसाको उजुरी नगर्ने प्रवृत्ति रहेको देखिन्छ । न्युन उजुरी हुनुको अर्को कारण कानुनी परामर्शमा पहुँच पुग्न नसक्नु, प्रक्रियागत जटिलता, सरोकारवालाहरुबीच समन्वयको अभाव हुनु र यस किसिमको हिंसालाई रोक्नु पर्छ भन्नेराजनीतिक एवं ब्युरोक्र्याटिक इच्छा र प्रतिबद्धता नै नहुनु रहेको देखिन्छ । साथै IPVसँग लड्न स्रोत साधनको अभाव हुनु र यसलाई “महिला सवाल”मात्रैका रुपमा हेरिनु सम्स्याका रुपमा रहेका छन् ।

**नीतिगत र व्यवहारगत सुधारको सुझाव**

हाम्रो मुख्य सुझावमा व्यक्तिजन्य, घरपिरवारजन्य र समुदायस्तरका IPV जन्यकारक तत्वहरुलाई सम्बोधन गर्ने गरी कार्यक्रमलाई चुस्त र प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । यसका लागि IPV सम्बन्धी छलफल र अन्तरक्रिया कार्यक्रमहरुलाई विस्तार गर्दै लैजानु पर्ने र लामो समयदेखि जरा गाडे बसेको भेदभावजन्य सामाजिक मूल्यमान्यतामा परिवर्तन ल्याउनेरनविन स्वरुपमा देखिएका यसका कु-अभ्यासहरुसँग लड्न सक्ने गरी कार्यक्रम/उपायहरु अबलम्बन गर्दै जानु देखिन्छ।

इन्टिमेट पार्टनरबाट हुने हिसा (IPV) लाई नियन्ण गर्न सरकार, विकास साझेदार, गैसस तथा स्थानीय नागिरक समाज समुहले गर्नु पर्ने कार्यहरुका सम्बन्धमा निम्नानुसार सुझाव दिईएको छ:

<u>सरकारी क्षेत्र:</u>

- केन्द्रमा बनाइएको रणनीतिको प्रभाव स्थानीयस्तर सम्म महसुस गर्ने गरी लैगिक सम्पर्क व्यक्तिहरु (फोकल प्वाइन्ट), प्रहरी र अदालतबीच एक आपसमा औपचारिक र नियमित संचार प्रणाली स्थापना गर्ने ।
- सरकारले नयाँ रणनीति बनाउनु अघि विद्यमान रणनीति कार्यान्वयन र सो को अनुगमनमा प्राथमिकता दिने ।

- यस क्षेत्रका क्षमतावान कर्मचारीलाई रिटेन्सन (संगठनमा अडाइ राख्न) मा जोड दिने र सरुवा भएर जानुपर्ने अवस्थामा इन्टिच्युसनल मेमोरी आदानप्रदानको प्रवृति बढाउने ।
- महिलालाई आर्थिक रुपमा सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु डिजाइन र लक्ष्यउन्मुख कार्यान्वयन गर्ने ।
- यस किसिमको हिंसा संबोधन र रोकथामका लागि पर्याप्त स्रोतसाधनको व्यवस्था गर्ने ।

विकास साझेदार रराष्ट्रिय तथा अन्तराष्ट्रिय गैसस:

- लैङिग पक्षलाई व्यापक दृष्टिकोण हेर्नुपर्ने । साथै आई. पि. भि. बाहेकका अन्य सवाल समेत समेट्ने गरी गरी कार्यक्रमहरु बनाउने ।
- महिला मात्रै हैन सबै उमेरका पुरुष, लोग्नेमान्छे, किशोर/ किशोरीहरु, सासु/ससुरा, परिवारका अन्य सदश्यहरु, सेवा प्रदायक संघ/संस्था लगायत सबै सरोकारवालालाई समेट्ने गरी कार्यक्रमहरु कार्यान्वयन गर्ने ।
- आई.पि.भि. सँग लड्ने क्षमता राख्ने "च्याम्पियन" को रुपमा पुरुषलाई संलग्नता र सक्रियता बढाउने ।
- कार्यक्रममा दोहोरोपना र समानान्तर संरचना हटाउन आपसी समन्वय गर्ने ।
- कार्यक्रमको दिगोपनालका लागि प्रभावकारी "एक्जिट रणनीति" तय गर्ने ।

स्थानीय नागिरक समाज समुह एवं संघसंस्थाहरु:

- महिलाले आफूमाथि भएको हिंसाको उजुरी कसरी र कहाँ गर्ने ? के कस्ता परामर्श र संरक्षण सेवाहरु उपलब्ध छन् भन्ने सम्बन्धमा स्थानीय स्तरमा चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
- यससम्बन्धी गतिविधिएवं छलफल कार्यक्रमहरुमा भाग लिन महिला वर्ग मात्रै हैन पुरुषलाई पनि प्रोत्साहित गर्ने । लिङ्गमा विभाजन गरी छुट्टा छुट्टै कार्यक्रम संचालन नगर्ने ।
- महिलाहरुलाई सवालका बिषयहरुमा पुरुषको अर्थपूर्ण सहभागिता र सहयोग प्राप्त गर्ने उपायहरु पहिल्याउने ।
- अविवाहित युवायुवतीका साथसाथै विवाहित दम्पत्तिहरुलाई समेत लक्षित गरी चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।